## परिचय

जापानिज इन्सेफलाइटिस् क्युलेक्स जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने एक प्रकारको सरुवा रोग हो । संक्रमित सुंगुर, बंगुर, हाँस जस्ता पशुपंक्षीलाई टोकेपछि यो लामखुट्टे संक्रमित हुन्छ। तिनै संक्रमित लामखुट्टेले मानिसलाई टोकेमा मानिसमा जापानिज इन्सेफलाइटिस् रोग लाग्न सक्छ। यो रोग लागेपछि बिरामी पक्षघात हुने, अपाङ्ग हुने र अन्त्यमा तिनको मृत्यु समेत हुनसक्छ ।

## रोग लाग्नुका कारणहरू

यो रोग जापानिज इन्सेफलाइटिस भाइरसको संक्रमणबाट लाग्ने गर्दछ । संक्रमित लामखुट्टेको टोकाइ नै यो रोग लाग्नुको मुख्य कारण हो। संक्रमित सुंगुर, बंगुर, हाँसलाई टोकेर संक्रमित भएको क्युलेक्स जातको पोथी लामखुट्टेले मानिसलाई टोक्दा यो रोग लाग्छ ।



## रोगका लक्षणहरू

जापानिज इन्सेफलाइटिस् भाइरसबाट संक्रमित लामखुट्टेले मानिसलाई टोकेपछि विषाणु (भाइरस) ले मस्तिष्कमा असर पुऱ्याउँदछ अनि देहायका लक्षणहरू देखिन्छन् :

- बेस्सरी टाउको दुख्ने,
- अत्यधिक ज्वरो (१०४ डिग्री फरेनहाइट भन्दा बढी आउने,
- बान्ता हुने,
- बेहोस हुने,
- घाँटी अररो (कडा) हुने,
- कम्पन हुने,
- पक्षघात हुने
- बिरामीको मृत्युसमेत हुनसक्छ ।



## रोग लाग्नबाट बच्ने उपायहरू

- लामखुट्टेको नियन्त्रण गर्नु तथा लामखुट्टेको टोकाइबाट बच्नु नै यस रोगबाट बच्ने मुख्य उपाय हो । घरबाहिर सुत्दा पनि कीटनाशकयुक्त झुलभित्र सुत्ने गर्नु पर्दछ ।



- लामखुट्टे भगाउने धुप तथा मल्हमको प्रयोग गर्नु पर्दछ ।
- खेतबारीमा काम गर्दा, साँझ/बिहान बाहिर बस्दा पूरा बाहुला भएका लुगा लगाउनु पर्दछ ।
- घरवरिपरि सधैं सफासुग्घर राख्नु पर्दछ ।
- लामखुट्टेको नियन्त्रणका लागि घरवरिपरि, सार्वजनिक स्थलका पानी जम्ने खाल्डाखुल्डी पुरिदिनु पर्दछ ।



- पानी जम्ने ठाउँमा कीटनाशक विषादि वा मट्टितेल वा मोबिल आदि छर्कनु पर्दछ ।
- १५ वर्षमुनिका बालबालिकाहरू यो रोगबाट बढी प्रभावित हुने हुनाले यस रोगविरुद्ध खोप दिनुपर्दछ । तर, सबै उमेरका मानिसले यो रोगविरुद्ध खोप लिन सकिन्छ । नियमित खोप सेवा अन्तर्गत प्रभावित जिल्लाका १ देखि २ वर्षभित्रका बालबालिकाहरूलाई यस रोगविरुद्ध निःशुल्क खोप प्रदान गरिन्छ ।



- सुंगुर, बंगुर, हाँस जस्ता पशुपंक्षीहरू व्यवस्थित ढंगले घरभन्दा टाढा पाल्ने र सम्भव भएसम्म सुंगुर, बंगुरलाई यस रोग विरुद्धको खोप दिनुपर्दछ।
- पशुपंक्षीको खोर मानिस बस्ने घरभन्दा टाढा राख्नु पर्दछ।
- आफू बस्ने घरको साथै सुंगुर तथा बंगुरको खोरको झ्यालढोकामा मसिनो जाली राख्नु पर्दछ।

**ध्यान दिनुपर्ने कुराहरू :**
**यो रोगको कुनै पनि लक्षण देख्नासाथ बिरामीलाई जतिसक्दो चाँडो नजिकको अस्पताल वा स्वास्थ्य संस्थामा लगी उपचार गराउनु पर्छ। समयमै उपचार गराउँदा बिरामीलाई अपाङ्ग हुन र मृत्यु समेत हुनबाट बचाउन सकिन्छ।**

## रोगको उपचारका लागि सम्पर्क गर्ने स्थान

- क्षेत्रीय अस्पताल
- अञ्चल अस्पताल
- जिल्ला अस्पताल
- प्राथमिक स्वास्थ्य केन्द्र/स्वास्थ्य चौकी/उपस्वास्थ्य चौकी

**१५ वर्षमुनिका बालबालिकाहरूलाई**
**जापानिज इन्सेफलाइटिस् रोगविरुद्धको खोप लगाऔं,**
**जापानिज इन्सेफलाइटिस् रोग लाग्नबाट बचाऔं।**


**यस सम्बन्धी थप जानकारीको लागि**
**नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राख्नुहोला।**

World Health Organization

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र
टेकु, काठमाडौं, फोन : ०१-४२५४२७१, फ्याक्स नं. : ०१-४२६१३८७
Website : www.nheicc.gov.np
२०७०/०७१

# जापानिज इन्सेफलाइटिस्

"लामखुट्टे, भुसुना साना प्राणी हुन्, यिनको टोकाइले स्वास्थ्यमा ठूलो खतरा ल्याउन सक्छ"



**कीटनाशकयुक्त झुलको प्रयोग गरी**
**लामखुट्टेको टोकाइबाट बचौं,**
**जापानिज इन्सेफलाइटिस् रोग लाग्नबाट बचौं।**